०८१-५३०१४४
०८१-५३०५३१ (लेखा)
०८१-५३०५३२(प्रशासन)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमिसुधार तथा मालपोत कार्यालय
नेपालगञ्ज, बाँके

web-site update

प.सं. ०७७/०७८ (प्रशासन)
च.नं. १२४११

## भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना

मिति :- २०७७/१०/२७

भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७७/१०/१४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७/१०/२६ देखि २०७७/११/२५ सम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। भू-सेवा केन्द्र अनुमति र योग्यता तपसिल अनुसार हुनेछ।

तपसिल

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| १ नेपाली नागरिक<br>२. १८ वर्ष उमेर पुरा भएको।<br>३. कम्प्युटर विषय लिई मानीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको। | १. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको।<br>२. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको<br>३. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको। | १.सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको | १ कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएका।<br>२ नेपाली नागरिक<br>३ प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको।<br>४ कर चुक्ताको प्रमाण पत्र भएको।<br>५ भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको। | १. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको।<br>२.आफ्नो नाममा भएका जग्गाको कित्ता विवरण भूसूचना प्रणालीमा अद्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले यस कार्यालयमा आई डाटा अद्यावधिक गराउनु पर्नेछ। |

०८१-५३०१८४
०८१-५३०५३१ (लेखा)
०८१-५३०५३२(प्रशासन)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमिसुधार तथा मालपोत कार्यालय**
**नेपालगञ्ज, बाँके**

प.सं. ०७७/०७८ (प्रशासन)
च.न. १२५११

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| ४. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको<br>५. सेवाकेन्द्र सञ्चालनका लागि दफा ७ भौतिक पूर्वाधार भएको ।<br>६. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको | ४. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको ।<br>५. कर चुक्ताको प्रमाण पत्र ।<br>६. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | | | |

भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार (भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७)

१. कम्प्युटर
२. प्रिन्टर
३. ब्याकअप सिस्टम
४. स्क्यानर
५. भू-सूचना प्रणालीसंग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस, वेब क्यामेरा तथा दस्तखत मेसीन
६. कम्तिमा २/२ एमबीपीएसको डेडीकेटेड इन्टरनेट कनेक्टीभिटी

अनुमति पत्रको दस्तुर, अवधि तथा नविकरण सम्बन्धी व्यवस्था

१. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैया दस्तुर बुझाउनु पर्नेछ ।

२. व्यक्तिको हकमा तीन हजार रुपैया

३. संस्था, कानून व्यवसायी वा लेखापढीको हकमा पाँच हजार रुपैया

उक्त दस्तुर मलेनिकाको खाता नं. ००१०१०००००००१००१ राजस्व शिर्षक १४२२९ कार्यालयको कोड ३३६०१५७०१ मा नेपाल बैंक लिमिटेड बाँकेको खातामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

४. भू-सेवा केन्द्र सञ्चालन अनुमति लिन चाहने व्यक्ति वा संस्थाले ४१३०१००१०२०३०००० (राष्ट्रिय बाणिज्य बैंक) कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेको धरौटी खातामा धरौटी बापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

(क) व्यक्तिको हकमा पचास हजार रुपैया
(ख) संस्थाको हकमा दुई लाख रुपैया

५. स्थानिय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै दस्तु लाग्ने छैन ।

६. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ । तर पहिलो पटक सूचना प्रकाशित भएका हकमा असार मसान्तसम्म हुनेछ ।

बैंक तथा वित्तीय संस्था सहकारी, कर्मचारी संचयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरूको धितोबन्धक र, रोक्का र फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार वा आफना शाखा कार्यालयहरूलाई युजर वितरण गर्न सक्नेछ ।

यस सूचनामा उल्लेख नभएका अन्य कुराह भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

२०७८।१।१४

(अमरराज सेजुवाल)
कार्यालय प्रमुख